प्रथम पटक प्रकाशित
मिति:-२०७७/०९/२२

# लिलामी सम्वन्धी शिलवन्दी वोलपत्र आव्हानको सूचना ।

यस उच्च अदालत विराटनगरवाट २ थान चारपाङ्ग्रे सवारी साधन (कार) आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५८ (६) वमोजिम शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम गर्नु पर्ने भएको हुँदा प्रथम पटक यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र यस अदालतवाट वोलपत्र फारम खरिद गरी २२ औ दिन दिनको १२:०० वजे भित्रमा शिलवन्दी वोलपत्र दाखिला गर्न सर्वसाधारण सवैको जानकारीका लागि यो सूचान प्रकाशित गरिएको छ । यो सूचना www.supremecourt.gov.np र supremecourt.gov.np/court/biratnagarhc मा पनि log in गरी हेर्न सक्नु हुनेछ ।

रजिष्ट्रार
उच्च अदालत विराटनगर

रजिष्ट्रार

## तपसिल

| सि नं | सवारी साधन नं | मोडल | इन्जिन नम्वर | चेसिस नम्वर | सवारी साधनको किसिम | मूल्यांकन समितिले गरेको न्यूनतम मूल्य | अनुमानित न्यूनतम कर नविकरण दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | बा १ झ ६९६९ | २००५ | MA6JSBF685HF35310 | 4H0016423 | ओपेल कोर्सा १.४ सेल | १,२४,४७९/७६ | १,१५,९८६/- | |
| २ | बा १ झ ७१४७ | २००५ | MA6NSBF685HJ37697 | 7J0004227 | ओपेल कोर्सा १.६ सेल | १,३३,६९४/०० | १,३१,६८८/- | |
| | जम्मा | | | | | २,५७,६९४/७६ | २,४७,६७४/- | |

## शर्तहरु

१ बोलपत्र फारम यो सूचना प्रकाशित भएको मिति देखी मिति २०७७/१०/१३ गते मंगलवार सम्म कार्यालय समय भित्र राजश्व दस्तुर रु १०००/- आर्थिक प्रशासन शाखामा नगदै दाखिला गरी व्यक्ती भए नेपाली नागरिकताको प्रमाणपत्र, संस्था भए कर चुक्ताको प्रमाणपत्र र नविकरण सहितको फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि समेत साथै राखी निवेदन दिई लेखा शाखावाट खरिद गर्न सकिनेछ ।

२ खरिद भएको बोलपत्र फारम यो सूचना प्रकाशित भएको मितिले २२ औ दिन मिति २०७७/१०/१४ गते बुधवार दिनको १२:०० वजे सम्म बोलपत्रदाताको नाम र ठेगाना स्पष्ट खुलाई शिलबन्दी लाहाछाप गरी लेखा शाखामा दर्ता गराउनु पर्नेछ । बोलपत्रदाताले आफुले कवोल गरेको अङ्कको १० प्रतिशतले हुने रकम कृषि विकास वैक मूख्य शाखा कार्यालय विराटनगर स्थित कोष तथा लेखा नियन्त्रक कार्यालय मोरङ्गको एकल धरौटी खाता नं. ०६०१६०१०१४०७००४५ कार्यालय कोड नं. २०४९११३०१ मा जम्मा गरि दोस्रो प्रति भौचर सहितको बोलपत्र पेश गर्नु पर्नेछ ।

३ दर्ता भएका वोलपत्रहरु सोही दिन मिति २०७७/१०/१४ गते बुधवार दिनको १:०० वजे बोलपत्रदाता वा निजको प्रतिनिधि र यस अदालतको प्रतिनिधिहरुको रोहवरमा यस अदातलमा खोलिने छ । बोलपत्रदाता वा निजका प्रतिनिधि नभएपनि बोलपत्र खोल्न कुनै वाधा पर्ने छैन । बोलपत्र खरिद गर्ने दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदाको भोलिपल्ट अर्थात कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

४ बोलपत्रमा दररेट अंक र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा लेखिएको फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

५ म्याद नाघी आएको रीत नपुगेको र शर्त राखिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

६ एक व्यक्ती वा फर्मको नाममा खरिद गरिएको बोलपत्र अर्को व्यक्ती वा फर्मको नामवाट दाखिला गर्न पाइने छैन ।

७ बोलपत्रदाताले पेश गरेको वोलपत्र मूल्यांकन भएपछी प्रथम द्वितीय र तृतीय छनौट गरी प्रथम हुनेलाई मान्यता दिइनेछ । उक्त प्रथम हुने वोलपत्रदाताले सम्झौता  गर्न नआएमा निजको धरौटी जफत गरी क्रमश द्वितीय र तृतीयलाई दिईनेछ । वोलपत्र खोली कारवाही भएपछी वाँकी ९० प्रतिशत रकम धरौटी खातामा जम्मा गरी सोको हुने मूल्य अभिवृद्धि कर समेत जम्मा गरी ७ दिन भित्र उक्त मालसामान जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लगिसक्नु पर्नेछ । ७ दिन भित्र आफूले कबोल गरेको रकम दाखिला नगरेमा राखेको १० प्रतिशत रकम कानून वमोजिम जफत हुनेछ ।

८ न्यूनतम मूल्यमा भन्दा कम मूल्यमा लिलाम कवोल गर्न पाइने छैन ।

९ लिलाम हुने सवारी साधनहरु प्रचलित कानून वमोजिम नेपाल सरकारको नीति विपरित नहुने गरी प्रयोग गर्न पाइनेछ ।

१० सवै गाडीहरु एकमुष्ट लिलाम बोल्नु पर्नेछ ।

११ सवारी साधन दर्ता गर्दा नेपाल सरकारले तोके वमोजिमको कर नविकरण दस्तुर लगायतको शुल्क बोलपत्रदाता स्वयंले व्यहोर्नु पर्नेछ ।

१२ लिलाम हुने सामान हेर्न चाहने व्यक्तिले यस अदातलको लेखा शाखामा कार्यालय समयमा सम्पर्क राख्नु पर्नेछ ।

१३ लिलाम सकार गराउने नगराउने सम्वन्धी अन्तिम अधिकार यस अदालतलाई हुनेछ ।

१४ यस सम्वन्धी थप कुराहरु वुझ्नु परेमा कार्यालय समयमा लेखा शाखामा सम्पर्क गर्न सकिनेछ ।

रजिष्ट्रार